८. मूल नियमावलीको नियम ८ मा संशोधनः मूल नियमावलीको नियम ८ को–

(१) उपनियम (२) मा रहेको "कमसेकम २ पटक" भन्ने शब्दहरूको सट्टा "साधारणतया छ पटक" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (५) को सट्टा देहायको उपनियम (५) राखिएको छः–
"(५) काउन्सिलको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा गणपूरक संख्या पुगको मानिनेछ ।"

(३) उपनियम (१२) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "तीन वा तीन भन्दा बढी" भन्ने शब्दहरूको सट्टा "छ वा छभन्दा बढी" भन्ने शब्दहरू राखिएका छन् ।

९. खारेजीः मूल नियमावलीको नियम ९ र १२ खारेज गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारले औषधि दर्ता नियमावली, २०३८ को नियम १२ ले दिएको अधिकार प्रयोग गरी सोही नियमावलीको अनुसूची १ को क्रमसंख्या १ को खण्ड (ख) मा कोष्ठभित्र रहेको "पञ्चायतको" भन्ने शब्दको सट्टा "नगरपालिका वा गाउँ विकास समितिको" भन्ने शब्दहरू राखी हेरफेर गरेको छ ।

आज्ञाले,
वासुदेव प्रधान
श्री ५ को सरकारको का.मु.सचिव

### श्री ५ को सरकार

## सञ्चार मन्त्रालयको सूचना

श्री ५ को सरकारले संस्थान ऐन, २०२१ को दफा १४ र १४ क. ले दिएको अधिकार प्रयोग गरी श्री रत्न रेकर्डिङ संस्थानलाई २०४७।६।१ देखि लागू हुने गरी विघटन गरी उक्त संस्थानको सम्पूर्ण दायित्व र चल अचल सम्पत्ति नेपाल टेलिभिजनलाई श्री ५ को सरकारको शेयर पूँजीको रूपमा लगानी गर्ने गरी सुम्पेको छ ।

आज्ञाले,
कालीप्रसाद रिजाल
श्री ५ को सरकारको का.मु.सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।